# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्या: ०२/०८०/०८१ मिति:२०८०/०४/३१

अध्यक्षता: नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थिति:

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**बैठक संख्या ०२/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०४/३१**

मिति २०८० साल श्रावण ३१ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **नदिजन्य पदार्थको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका भएर बहने बिरिङ्ग, टाङ्गटिङ्ग लगायतका नदीहरुबाट आर्थिक वर्ष २०८०/०८१ मा नदीजन्य पदार्थको उत्खनन तथा विक्रीका लागि गरिएको प्रारम्भिक वातावरणीय परीक्षणको प्रारम्भिक प्रतिवेदन बैठकमा पेश भई छलफल गरियो ।प्रतिवेदनका सम्बन्धमा स्थानीय सरोकारवालाहरुसँग थप छलफलका गरी अर्को बैठकमा पुनः छलफल गर्ने निर्णय गरियो ।

२. **सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंक छनौट सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ६ को सामाजिक सुरक्षा भत्ता वितरणका लागि अर्जुनधारा नगरपालिका वडा नं ८ शनिश्चरे बजार स्थित सांग्रिला डेभलपमेण्ट बैंकको शनिश्चरे शाखाबाट सम्झौता गरी लाभग्राहीहरुको खाता सञ्चालन गर्दै आइरहेकोमा अर्जुनधारा नगरपालिका ६ नं वडा कार्यालयबाट उक्त बैंकको शाखा वडाको भुगोल अनुसार अपायक रहेको र उक्त वडामै रहेको एक्सल डेभलपमेण्ट बैंक लि. को महानन्द चौक शाखा पायक तथा सुविधा हुने भनी लेखी आएको हुँदा आर्थिक वर्ष २०८०/०८१ बाट वडा नं ६ को सामाजिक सुरक्षा भत्ता वितरणका लागि साविकको सम्झौता भंग गरी एक्सल डेभलपमेण्ट बैंक लि. को महानन्द चौक शाखासँग नयाँ सम्झौता गर्ने निर्णय गरियो ।